प्रति शेयर रु.१००/– अंकित दरको ३,५०,८८० कित्ता हकप्रद शेयरको निष्कासन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/– प्रति शेयरको दरले

काबेली विकास बैंक लिमिटेड
KABELI BIKAS BANK LIMITED

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)

धनकुटा जिल्ला, धनकुटा नगरपालिका, वार्ड नं. ७, धनकुटा, नेपाल
फोन नं. ०२६-५२१४३५ फ्याक्स नं. ०२६-५२१४३६

को

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्कासन खुल्ला मिति: २०७४/०५/१८ गते
निष्कासन बन्द हुने मिति: २०७४/०६/२१ गते
(बैकिंग समय पश्चात्)

२ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको

हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

विकास बैंकको विद्यमान रु.७ करोड १ लाख ७६ हजार चुक्ता पूँजीमा दुई शेयर बराबर एक (२ : १) शेयरको अनुपातमा रु.१००/– अंकित दरका ३,५०,८८० कित्ता हकप्रद साधारण शेयर मिति २०७४/०४/१८ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डवाट "हकप्रद शेयर निष्कासन सम्वन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७४/०३/१८ ।

१. कम्पनीको नाम : काबेली विकास बैक लिमिटेड (Kabeli Bikas Bank Limited)

२. संगठित संस्थाका रजिष्टर्ड कार्यालय : यस विकास बैंकको रजिष्टर्ड कार्यालय धनकुटा जिल्ला, धनकुटा नगरपालिका, वार्ड नं. ७, धनकुटा नेपालमा रहेको छ ।

३. कारोवार स्थान :

यस विकास बैंकले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ अनुसार "ख" वर्ग (धनकुटा) को वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो । हाल यस विकास बैंकले धनकुटा जिल्ला, धनकुटा नगरपालिका, वार्ड नं. ७, धनकुटा, नेपाल स्थित रजिष्टर्ड (केन्द्रीय) कार्यालय र (१) धनकुटा १, हिले (२) ६ नं. बुधबारे (३) राजारानी (४) सिधुवामा शाखा कार्यालय खोली वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ । नेपाल राष्ट्र बैंकको स्वीकृती लिई तोकिएको कार्यक्षेत्रमा आवश्यकता अनुसार शाखा खोली वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

विकास बैंकको संक्षिप्त परिचय : यो विकास बैंक पूर्व क्षेत्रको धनकुटा जिल्लाको समग्र आर्थिक विकासमा टेवा पुर्याउन, सर्वसाधारणमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी सो को सदुपयोगको लागि औद्योगिक प्रतिष्ठानहरु, व्यापारिक वर्ग, स-साना उद्यमी तथा कृषकहरुलाई दीर्घकालिन, मध्यकालीन एवं अल्पकालीन ऋण उपलब्ध गराई देशको आर्थिक विकासमा योगदान पुर्याउने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४ साल भाद्र २३ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस कम्पनीले नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वित्तीय कारोवार गर्न मिति २०६४/०६/२९ मा इजाजत पत्र प्राप्त गरी मिति २०६४/०९/०१ गतेदेखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस विकास बैंकको संस्थापकहरुमा उद्योग, व्यवसाय, बैंकिङ्ग, शैक्षिक क्षेत्र तथा अन्य विभिन्न क्षेत्रमा लामो समयदेखि संलग्न छन् ।

विकास बैंकको उद्देश्य : विकास बैंकको प्रवन्ध पत्रको दफा ४ र नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस विकास बैंकको मुख्य उद्धेश्य देहाय बमोजिम रहेको छ :
(क)विकास बैंकको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख)कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्याउने,
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्याउने,
(घ)वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुर्याउने तथा देशको अर्थतन्त्रलाई सवल एवं सुदृढ बनाउन सहयोग पुर्याउने, र
(ङ)मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने एवं देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिबृद्धि गर्न सहयोग पुर्याउने ।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजीः यस विकास बैंकको अधिकृत पूँजी रु. २५,००,००,०००/- (अक्षेरेपी पच्चीस करोड मात्र) रहेको छ । जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा २५,००,००० (पच्चीस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
ख) जारी पूँजीः यस विकास बैंकको जारी पूँजी रु. १०,५२,६४,०००/- (अक्षेरेपी दश करोड बाउन्न लाख चौंसट्ठी हजार मात्र) रहेको छ । जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा १०,५२,६४० (दश लाख बाउन्न हजार छ सय चालिस कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
ग) चुक्ता पूँजीः हाल यस विकास बैंकको चुक्ता पूँजी रु. ७,०१,७६,०००/- (अक्षेरेपी सात करोड एक लाख छयत्तर हजार मात्र) रहेको छ । जसलाई प्रति शेयर रु. १००/-का दरले जम्मा ७,०१,७६० (सात लाख एक हजार सात सय साठी कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात बैंकको चुक्ता पूँजी १०,५२,६४,०००/- (अक्षेरेपी दश करोड बाउन्न लाख चौंसट्ठी हजार मात्र) हुनेछ ।

६. हकप्रद शेयर निष्कासन गरि बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात हुने विकास बैंकको चुक्ता पूँजीको संरचनाः

शेयरधनी	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना (%)	भुक्तानी प्रतिशत
संस्थापक शेयरधनीहरु	७,३६,८४८	७,३६,८४,८००/-	७०%	शत प्रतिशत
सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	३,१५,७९२	३,१५,७९,२००/-	३०%	शत प्रतिशत
जम्मा	१०,५२,६४०	१०,५२,६४,०००/-	१००%	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

संचालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

सि.नं	नाम	पद	ठेगाना	शैक्षिक योग्यता	व्यवसायिक अनुभव
१	गोपालप्रसाद काफ्ले	अध्यक्ष	गौरादह-३, झापा	स्नातकोत्तर	- गौरादह क्याम्पसमा २५ वर्षदेखि प्राध्यापन पेशामा संलग्न ।
२	जनार्दन घिमिरे	संचालक	धनकुटा-७, धनकुटा	स्नातकोत्तर	- विगत १८ वर्ष देखि प्राध्यापन पेशामा संलग्न । - विभिन्न सामाजिक संघ संस्थामा विगत ११ बर्षदेखि कार्यरत ।
३	दिपक गौतम	संचालक	मंगलबारे-१, इलाम	स्नातक	- गजुरमुखी निर्माण कम्पनी प्रा.लि. को संचालकको रुपमा २० वर्ष देखि विभिन्न निर्माण कार्यमा काम गरेको अनुभव ।
४	लक्ष्मीनाथ घिमिरे	संचालक	मादी मूलखर्क-२, संखुवासभा	स्नातक	- होटल सोल्टी 'क्यासीनो नेपालमा' विगत १८ वर्ष देखि कार्यरत ।
५	हेमराज सुवेदी	संचालक	पञ्चकन्या-२, सुनसरी	स्नातक	- विगत १८ वर्ष देखि कानुन व्यवसायीको रुपमा कार्यरत ।
६	तिलविक्रम चेम्जोङ	संचालक	आङसराङ-६, पाँचथर	स्नातकोत्तर	- विगत १६ वर्ष देखि प्राध्यापकको रुपमा कार्यरत । - बिगत १९ बर्ष देखि रेडियो नेपालमा रुपमा कार्यरत ।
७	कृष्णप्रसाद दाहाल	संचालक	मादी मूलखर्क-२, संखुवासभा	स्नातक	- विगत ८ वर्षदेखि काभेरी कन्स्ट्रक्सन कम्पनी प्रा.लि.को संचालकको रुपमा कार्यरत ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम : शैलेन्द्र बादे श्रेष्ठ (प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव) ठेगाना : बनेपा-४, काभ्रेपलाञ्चोक योग्यता : स्नातकोत्तर

अनुभव : • नारायण बजाज एन्ड एसोसिएट्समा आवद्ध रही विभिन्न बैंक तथा वित्तीय संस्थाको लेखा परिक्षण कार्यमा सात (७) वर्षको कार्यानुभव • यस बैंकको का.मु. प्रमुख कार्यकारी अधिकृत रही ६ वर्षको कार्यानुभव • हाल यस बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत • करीब २ वर्षदेखि यस बैंकको कम्पनी सचिव पदमा कार्यरत ।

८. संचालक समितिको बनौट :

विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालक सदस्य रहेको संचालक समिति देहाय बमोजिम गठन गरिएको छ :

समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित संचालकहरु	५ जना
समूह "ख" का शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	२ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक	१ जना
जम्मा	८ जना

नोटः व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक हाल रिक्त रहेको ।
यस विकास बैंकको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार विकास बैंकको संचालक हुनका लागि कम्तिमा १०० (सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ । यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुदैन । तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञ संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन । संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

विकास बैंकको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ७,०१,७६० कित्ताको २ : १ (अर्थात विद्यमान दुई साधारण शेयर बराबर एक कित्ता नयाँ साधारण शेयरका दरले) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले जम्मा ३,५०,८८० कित्ता हकप्रद साधारण शेयर निष्कासन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन गर्नु पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्म शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको २ : १ (अर्थात विद्यमान एक शेयर बराबर नयाँ एक कित्ता साधारण शेयरको दरले) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

यदी कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा माथिल्लो पुर्ण शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ ।

कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ । दरखास्त साथ प्रति शेयर रु. १००/- को दरले आवेदन गर्ने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा साविकका संस्थापक शेयरधनीहरुले हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित ऐन, कानुन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने छन् वा धितोपत्र निष्कासन निर्देशिका, २०६५ मा भएको व्यवस्था र अन्य ऐन, नियमका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा सार्वजनिक रुपमा सूचना प्रकाशित गरी बिक्री गरिने छ ।

१२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :

हकप्रद शेयरको अनुपातभन्दा वढी शेयर खरिद गर्न पाइने छैन । तर आफनो कायम हक अनुसार खरिद गर्न पाउने हकप्रद शेयर खण्डिकृत हुन आएमा दशमलव पछिको शून्य भन्दा वढी अंक भएमा उक्त खण्डिकृत अंकलाई १ अंक गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper hold) मा परिणत गरि आवेदन दिन पाउनेछ । हकप्रद शेयर खरिद गर्दा हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न नपाउने तर आफ्नो कायम हक अनुसार खरिद गर्न पाउने हकप्रद शेयर खण्डिकृत हुन आएमा खण्डिकृत अंकलाई १ अंक गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper hold) मा परिणत गरि आवेदन दिन पाइने छ तर दशमलवमा आउने गरि शेयर आवेदन दिन पाइने छैन । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्कासनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्कासन गरिएको सम्पूर्ण शेयरको लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति दिई कम्पनीको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. विकास बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात *(रु.हजारमा)*

पूँजी तथा दायित्व	वास्तविक आ.ब. २०७०/०७१	वास्तविक आ.ब. २०७१/०७२	वास्तविक आ.ब. २०७२/०७३	*आ.ब. २०७३/०७४ चैत्र मसान्त सम्मको	प्रक्षेपित आ.ब. २०७३/०७४	प्रक्षेपित आ.ब. २०७४/०७५	प्रक्षेपित आ.ब. २०७५/०७६
शेयर पूँजी	४१,५२७	५८,१७९	८४,४५९	८४,२११	१,४३,१५९	२,५७,६८६	३,२२,१०८
जगेडा तथा कोषहरु	७,८८५	१२,०३४	२३,६१७	४२,५७५	३२,९२१	४९,१७८	६२,७३४
ऋणपत्र तथा बन्ड	-	-	-	-	-	-	-
तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-	-
निक्षेप दायित्व	४४,२४६०	५,२८,०८१	६,३७,५८६	५,८९,२७५	९,७४,५०८	१२,००,३७८	१५,५७,१३६
प्रस्तावित तथा भुक्तानी दिनु बाँकी लाभाँश	३६२	६१६	७३९	-	१,२५६	२,२६०	३,३९१
आयकर दायित्व	१७५	१,१८८	७,७०२	-	-	-	-
अन्य दायित्व	४,०३८	४,९१४	६,८१७	२९,२२३	९,१०६	१३,४५५	१७,०८२
कुल दायित्व	४,९६,२७२	६,०३,९९८	७,५४,४०५	७,५२,९८८	११,६०,९५०	१५,२२,९५८	१९,६२,४५०

सम्पत्ति	वास्तविक आ.ब. २०७०/०७१	वास्तविक आ.ब. २०७१/०७२	वास्तविक आ.ब. २०७२/०७३	*आ.ब. २०७३/०७४ चैत्र मसान्त सम्मको	प्रक्षेपित आ.ब. २०७३/०७४	प्रक्षेपित आ.ब. २०७४/०७५	प्रक्षेपित आ.ब. २०७५/०७६
नगद मौज्दात	१९,६८१	१८,९९८	२१,१७१	१२,५०४	२७,४८०	३९,६५५	५१,५३१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१,१९८	५,०३६	५,५०६	७८३३	६,३४७	७,२०२	९,३४३
बैक/वित्तीय संस्थामा रहेको मौज्दात	२५,२५३	२९,५८७	३५,६३७	२७,६७१	५४,०८५	७६,२६१	८५,९५४
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	१,१५,४०६	१,१८,८२५	१,२४,७१६	४८,०४६	१,४८,८२२	१,९५,७४८	२,५४,३५८
लगानी	-	-	-	-	-	-	-
कर्जा सापट तथा विल खरीद	३,११,२५०	४,०३,४९२	५,४३,५६२	६,१९,५०२	८,९९,६८८	११,७६,२७७	१५,३१,८८२
स्थिर सम्पत्ति	१५,४५९	१४,२१३	१३,६५५	१३,५६३	१३,३९३	१३,३६०	१३,४५४
गैर बैकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
अन्य सम्पत्ति	८,०२५	१३,८४८	१०,१५८	२३,८६८	११,१३६	१४,४५५	१५,९२९
कुल सम्पत्ति	४,९६,२७२	६,०३,९९८	७,५४,४०५	७,५२,९८८	११,६०,९५०	१५,२२,९५८	१९,६२,४५०

नाफा-नोक्सान हिसाब *(रु.हजारमा)*

विवरण	वास्तविक आ.ब. २०७०/०७१	वास्तविक आ.ब. २०७१/०७२	वास्तविक आ.ब. २०७२/०७३	*आ.ब. २०७३/०७४ चैत्र मसान्त सम्मको	प्रक्षेपित आ.ब. २०७३/०७४	प्रक्षेपित आ.ब. २०७४/०७५	प्रक्षेपित आ.ब. २०७५/०७६
१. व्याज आम्दानी	४७,५०१	५६,६७४	६८,७२०	६१,१४०	१,०७,१९२	१,६५,३७१	२,१३,७७९
२. व्याज खर्च	२१,२३६	२०,६३८	२१,५८५	१८,४५३	३८,२८७	५२,४२१	६९,१२५
खुद व्याज आम्दानी	२६,२६५	३६,०३५	४७,१३५	४२६८७	६८,९०५	१,१२,९५१	१,४४,६५४
३. कमिशन तथा डिस्काउण्ट	१,३७२	१,८८५	१,६७५	१०१३	२,१७४	२,९४१	४,१०४
४. अन्य सञ्चालन आम्दानी	४,१७४	४,९३६	६,५०९	४,५२८	७,३२२	६,३७६	७,८७९
५. सटही घटवढ आम्दानी	-	-	-	-	-	-	-
कूल सञ्चालन आम्दानी	३१,८१०	४२,८५७	५५,३२०	४८,२३०	७८,४००	१,२२,२६७	१,५६,६३७
६. कर्मचारी खर्च	६,८०८	८,४३०	१०,०३६	८,५२९	११,८८७	१४,३५४	१५,९७९
७. अन्य सञ्चालन खर्च	७,१२१	६,९७१	७,३१६	४,८७३	८,०१६	८,३४०	८,९७१
८. सटही घटवढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	१७,८८२	२७,४५५	३७,९६९	३४,८२६	५८,४९७	९९,५७४	१,३१,६८७
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	१,४९२	३,६९८	३,९२८	७,३७२	३,९१०	२,९८६	३,८२३
सञ्चालन मुनाफा	१६,३८९	२३,७५७	३४,०४१	२७,४५४	५४,५८७	९६,५८८	१,२७,८६५
१०. गैर सञ्चालन आम्दानी/नोक्सान	-	-	-	-	-	-	-
११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	४२५	२,०४५	२,८३९	७८७	-	-	-
नियमित कारोवारवाट भएको मुनाफा	१६,८१४	२५,८०२	३६,८८०	२८,२४२	५४,५८७	९६,५८८	१,२७,८६५
१२. असामान्य कारोवारहरुवाट भएको मुनाफा/खर्च	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	१६,८१४	२५,८०२	३६,८८०	२८,२४२	५४,५८७	९६,५८८	१,२७,८६५
१३. कर्मचारी बोनस ब्यवस्था	१,५२९	२,३४६	३,३५३	२,५६७	४,९६२	८,७८१	११,६२४
१४. आयकर व्यवस्था	४,४९१	६,९९६	११,११४	७,७०२	१४,८८७	२६,३४२	३४,८७२
१५. यस वर्षको कर व्यवस्था	४६७४	७,१३५	११,२९२	-	-	-	-
१६. विगत वर्षसम्मको कर व्यवस्था				-	-	-	-
१७. यस वर्षको स्थगत कर आम्दानी/खर्च	(१८२)	(१४०)	(१७७)	-	-	-	-
खुद नाफा/नोक्सान	१०,७९५	१६,४६२	२२,४१४	१७,९७२	३४,७३७	६१,४६५	८१,३६८
शेयर संख्या (हजारमा)	३४४	४१२.८०	७०१.७६	८४२.११	१,१९२.९९	२,१४७.३९	२,५७६.८६
प्रति शेयर आम्दानी	३१.३८	३९.८८	३१.९४	२८.४६	२९.१२	२८.६२	३१.५८

नेटवर्थ सम्बन्धी विवरण *(रु.हजारमा)*

विवरण	वास्तविक आ.ब. २०७०/०७१	वास्तविक आ.ब. २०७१/०७२	वास्तविक आ.ब. २०७२/०७३	*आ.ब. २०७३/०७४ चैत्र मसान्त सम्मको	प्रक्षेपित आ.ब. २०७३/०७४	प्रक्षेपित आ.ब. २०७४/०७५	प्रक्षेपित आ.ब. २०७५/०७६
चुक्ता पूँजी	३४,४००	४१,२८०	७०,१७६	८४,२११	१,१९,२९९	२,१४,७३९	२,५७,६८६
जगेडा कोष	७,८८५	१२,०३४	२३,६१७	४२,५७५	३२,९२१	४९,१७८	६२,७३४
प्रस्तावित वोनस शेयर	६,८८०	११,६९६	१४,०३५		२३,८६०	४२,९४८	६४,४२२
जम्मा	४९,१६५	६५,०१०	१,०७,८२८	१,२६,७८६	१,७६,०८०	३,०६,८६४	३,८४,८४२
घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	१०८						
कुल नेटवर्थ	४९,०५७	६५,०१०	१,०७,२८२	१,२६,७८६	१,७६,०८०	३,०६,८६४	३,८४,८४२
शेयर संख्या (हजारमा)	३४४.००	४१२.८०	७०१.७६	८४२.११	१,१९२.९९	२,१४७.३९	२,५७६.८६
प्रति शेयर नेटवर्थ (रु.)	१४२.६१	१५७.४९	१५३.६५	१५०.५६	१४७.६०	१४२.९०	१४९.३५
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
प्रति शेयर आम्दानी	३१.३८	३९.८८	३१.९४	२८.४६	२९.१२	२८.६२	३१.५८
नेटवर्थमा औसत प्रतिफल	२२.०२	२५.३२	२०.७९	१८.९०	१९.७३	२०.०३	२१.१४
निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशत २८.२७							

** अपरिष्कृत र व्यवस्थापनबाट प्रमाणित ।*

द्रष्टव्यः यस आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षहरुको कारोवारको आधारमा निष्कासनकर्ता विकास बैंक आफैले तयार पारेको हो र उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थ परक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा लेखापरीक्षक एस.एम. दाहाल एन्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री शेषमणि दाहाल, काठमाण्डौं हुनुहुन्छ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित जोखिमहरु :

क) नयाँ विकास बैंकहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
छ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्नसक्ने जोखिमहरु ।
ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु ।

विकास बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि विकास बैंकले कर्जा तथा लगानीको लागि जोखिम व्यहोर्ने कोषको व्यवस्था गरेको छ । विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुर्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तामुखि सेवाहरु प्रदान गरी मध्यकालीन तथा दिर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि विकास बैंकले प्रभावकारी कर्जा नीति अवलम्बन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने विकास बैंकको नीति रहेको छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु. १००/- प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्कासन प्रयोजनको लागि हकप्रद निष्कासन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता किताब बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, परिचय नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली कम्पनीले तोकेको ढाँचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
ख) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
ग) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्र वा निष्कासन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।
घ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
ङ) कुनै शेयरधनीहरुको शेयर भौतिक तथा अभौतिक रुपमा कायम रहेको भएतापनि सो बाट प्राप्त हुन आउने जम्मा शेयर कित्ताको लागि एउटै आवेदन फारम मार्फत दरखास्त दिन सकिनेछ ।
च) यस हकप्रद शेयर निष्कासनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्तसाथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैनन् ।
छ) यस हकप्रद शेयर निष्कासन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको संचालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।
ज) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
झ) हकप्रद शेयरको वितरण सोझै हितग्राही खाता मार्फत गरिने हुँदा भौतिक रुपमा हकप्रद शेयर आवेदन गर्नुहुने शेयरधनीहरुले अभौतिक रुपमा शेयर प्राप्त गर्नको लागि निवेदनको साथै आफ्नो हितग्राही खाता नम्बर (Demat Account Number), नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । नाबालकको हकमा संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा नेपाली नागरिक भएको परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१६. यस विकास बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्यूनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७०/७१	३५४	१०८	२८०	५.७७५
२०७१/७२	६४७	२८५	५२४	६५.६५२
२०७२/७३	८८२	४१३	८८२	६६.९८

महिना	अधिकतम शेयर मूल्य (रु)	न्यूनतम शेयर मूल्य (रु)	अन्तिम बजार मूल्य (रु)	शेयर कारोबार संख्या (हजारमा)
बैशाक	७९५	५६०	५६०	२२.१५५
जेठ	५७०	५३५	५७०	२.१३३
असार	६१५	५७०	५३०	२.७३१

नोटः यस विकास बैंकको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एकस्चेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ ।

१७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

(क) धितोपत्र बाँडफाँट गर्दा यस हकप्रद निष्कासन प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयर संख्याको २ : १ (अर्थात दुई कित्ता शेयर बराबर नयाँ एक कित्ता शेयरको दरले) बराबरको शेयर आवेदनकर्ता शेयरधनीहरुलाई बाँडफाँट गरिनेछ । यसरी २ : १ को अनुपातबाट हकप्रद आधार हिसाव गर्दा शेयरधनीको कुल शेयर खण्डीकृत भएमा त्यसलाई १ अंक मानि हकप्रद शेयर संख्या गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper Hold) मा परिणत गरि आवेदन दिन पाइने छ र सोहि अनुसारम बाँडफाँट गरिनेछ । तर कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने भन्दा वढी शेयरका लागी दरखास्त दिएमा वढी शेयर बाँडफाँट गर्न बैंक वाध्य हुनेछैन भने कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागी आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरका लागि मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्वन्धमा धितोपत्र निष्कासन निर्देशिका, २०६५ मा भएको व्यवस्था बमोजिम गरिनेछ ।
(ख) बैंकले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आह्वान गरेको साधारण शेयर बिक्री भएको मितिले नेपाल धितोपत्र वोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको वाँडफाँड गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । यसरी बाँडफाँट भए पश्चात नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँटमा परेका शेयरधनीहरुलाई नेपाल श्री स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्गमा सूचीकरण भएपछि सम्बन्धित शेयरधनीहरुले उपलब्ध गराएको हितग्राही खाता (Demat Account) मा पठाइनेछ ।

१८. धितोपत्र सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यबस्था तथा बिवरणहरु मार्फत निष्कासन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयरको प्रमाण-पत्र वितरण र हितग्राहिको खातामा धितोपत्र जम्मा गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरि मनोनयन गर्दा संस्थापक शेयरधनीहरुको हकमा यस बैंकको केन्द्रीय कार्यालय धनकुटा जिल्ला, धनकुटा नगरपालिका, वार्ड नं. ७, धनकुटा नेपालबाट र सर्वसाधारण शेयरधनीहरुले यस विकास बैंक वा निष्कासन तथा बिक्री प्रवन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाडौंमा सम्पर्क राखि आफुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्ने छ । सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ ।
क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्ने छ ।
ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरि मनोनयन गर्नु पर्ने छ ।
ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ ।
घ) हक हस्तान्तरण गरि शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरि मनोनित भएको हुनुपर्ने छ ।
ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशनको अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन् । हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा कुनै परिवर्तन हुनेछैन । प्रत्येक शेयरवालाको एक शेयर बराबर एक मत हुनेछ ।
च) प्रस्तावित संस्थापक सेयरधनी नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक सेयरधनीको लागि तोकिएको योग्यता (Fit & Proper Test) पुरा भएको हुनु पर्नेछ ।
छ) प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।
ज) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य नभएको हुनुपर्ने छ ।
झ) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।
ञ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्ने छ । साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

क) विकास बैंकलाई सवल र सक्षम रुपमा सञ्चालन गर्न विद्यमान पूँजी वृद्धि गर्न ।
ख) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
ग) विकास बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
घ) विकास बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरी विकास बैंकको स्थितिलाई बढी मजबुत तुल्याइ राख्न ।

२१. हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रद शेयर निष्कासनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ :

विवरण	रकम (रु.)
१. आविधिक कर्जा	१,५०,००,०००
२. हायरपर्चेज कर्जा	५०,८८,०००
३. व्यापारिक कर्जा	१,५०,००,०००
जम्मा	३,५०,८८,०००

२२. निष्कासन बैंक (बैकर टु द ईस्यु) सम्बन्धी ब्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री एन.सि.सि. बैंक लिमिटेड, कुपण्डोल, ललितपुर ।	०२२००००८४१०१
२.	श्री सिटिजन्स बैंक इन्टरनेसनल लि, कमलादी, काठमाण्डौं ।	००१००००४९३ CC
३.	श्री कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौं ।	०१२४५२४६१६०६८०१३

उपरोक्त निष्कासन बैंकमा दरखास्त फारम वितरण गर्ने तथा बुझिलिने व्यवस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने समयावधि हकप्रद शेयर निष्कासन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । ३५ दिनभित्र सम्पूर्ण हकप्रद शेयर बिक्री नभएमा हकप्रद शेयर बिक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम १८ मा भएको व्यवस्था बमोजिम गरिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौं ।
२.	श्री काबेलि विकास बैंक लि., धनकुटा नगरपालिका, वार्ड नं. ७, धनकुटा, नेपाल स्थित रजिष्टर्ड (केन्द्रीय) कार्यालय तथा अन्य शाखा कार्यालयहरु (१) धनकुटा १, हिले (२) ६ नं. बुधबारे, धनकुटा (३) राजारानी (४) सिधुवा ।
३.	श्री ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरु क्रमशः (१) आर्दशनगर-१३, वीरगंज पर्शा (२) फुलबारी बजार, इटहरी (३) भानुचोक, जनकपुर (४) सहिद चोक, नारायणघाट, चितवन (५) पृथ्वीचोक, पोखरा, कास्की (६) त्रिभुवनचोक, नेपालगंज (७) वि.पि. चोक, बुटवल ।

साथै हकप्रद शेयरको दरखस्त फारम निष्कासनकर्ता कम्पनी - काबेली बिकास बैंक लिमिटेडको वेबसाइट www.kabelibikasbank.com.np तथा निष्कासन तथा बिक्री प्रबन्धक - ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेबसाइट www.globalimecapital.com.np मार्फत समेत डाउनलोड गरी भरेर बुझाउन सकिने छ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनुभन्दा अघिको मितिमा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट तथा हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

२५. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस बैंकको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. १,७०,६८,९५०/- रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं ।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमइ क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्कासन खुल्ला मिति : २०७४/०५/१८ गते
निष्कासन बन्द हुने मिति : २०७४/०६/२१ गते (बैकिङ समय पश्चात)

काबेली विकास बैंक लिमिटेड
KABELI BIKAS BANK LIMITED
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)
धनकुटा जिल्ला, धनकुटा नगरपालिका, वार्ड नं. ७, धनकुटा, नेपाल
फोन नं. ०२६-५२१४३५ फ्याक्स नं. ०२६-५२१४३६
को

हकप्रद शेयर खरीद दरखास्त फाराम

मार्फतः Global IME Capital Limited

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

सि.नं.
कोड नं.

श्री संचालक समिति,
काबेली विकास बैंक लिमिटेड
धनकुटा, नेपाल ।

शेयरधनी नं. ____ हितग्राही खाता नं. DP ID ____ CLIENT ID ____

महाशय,
त्यस विकास बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/०४/१८ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस विकास बैंकको जम्मा (भौतिक/अभौतिक) .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा विकास बैंकले जारी गरेको दुई शेयर बराबर नयाँ एक शेयर (२ : १) को अनुपातमा ...

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

Global IME Capital Limited — हकप्रद शेयर खरीद रसिद — दरखास्तवालाले भर्नुपर्ने

Applicant's Name	
Company's Name	KABELI BIKAS BANK LIMITED
No. of Shares Applied	Call Money per Share Rs.100 — Amount Deposited
Amount in Words	

For Official Use Only — Received by: — Date: — Stamp — Code No. — Shareholder No. — DP ID — Client ID

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि. — GROW WITH US

पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेस्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२६६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com